कञ्चनरुप नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कंचनपुर, सप्तरी, मधेश प्रदेश नेपाल
२०७३

प.सं.०७९/०८० फोन नं. ०३१-५६०११४
च.नं. : ३२५

मितिः २०७९/०५/२९

विषय : उपभोक्ता समिति गठन गरि पेश गर्ने सम्वन्धमा ।

श्री वडा कार्यालय सवै
कञ्चनरुप नगरपालिका कंचनपुर, सप्तरी

उपरोक्त सम्वन्धमा सातौ नगर सभावाट स्वीकृत चालु आ.व.२०७९।०८० मा संचालन हुने योजना मध्ये पहिलो चरणमा वडा सिलिङ्ग अन्तर्गतका योजनाहरु संचालनार्थ उपभोक्ता समिति गठन सम्वन्धी निर्देशन वमोजिम मिति २०७९ असोज १२ गते भित्र उपभोक्ता समिति गठन गरि गठन भएको ७ दिन भित्र तपशिल वमोजिमको कागजात सहित सम्झौताको लागि नगरपालिकामा पंठाउनु हुन अनुरोध छ ।

तपशिल

१. उपभोक्ता समिति गठन वैठकको प्रमाणित प्रतिलिपि ।
२. योजना स्थलको रंगीन फोटो (३ प्रती)।
३. उ.स.का पदाधिकारीहरुको ना.प्र.पत्रको प्रमाणित प्रतिलिपि ।
४. उपभोक्ता समितिको छाप ।
५. योजना ठोस निर्माण भए जग्गाको ज.ध.प्र.पुर्जाको प्रतिलिपि र योजना वाटो भए वाटोको दुवै छेउका जग्गा धनीहरुको सहमति पत्र ।
६. उपभोक्ता समिति गठन गर्न प्रकाशित गरिएको सार्वजनिक सचनाको प्रतिलिपि र भेलाको फोटो ।
७. वडा कार्यालयको सिफारिस पत्र ।
८. उपभोक्ता समितिको निवेदन ।

वोद्यार्थ

१. आर्थिक प्रशासन शाखा
२. प्राविधिक शाखा

०७९/५/२०
.........................
रेणुका शाह
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# उपभोक्ता समिति गठन सम्वन्धी निर्देशन

आ.व.२०७९।०८०

१. तोकिएको दिन उपभोक्ता समिति गठन हुन नसकेमा कानून वमोजिम ठेक्का वा अन्य वैकल्पिक प्रकृया वाट योजना कार्यान्वयन गरिने छ ।

२. गठित उपभोक्ता समितिले ७ दिन भित्र उपस्थित भई सम्झौता गर्नुपर्ने छ ।

३. तोकिएको योजनाको कुन खण्डमा काम गराउनु पर्ने स्पष्ट निर्णय गरी पठाउनु पर्नेछ ।

४. कुनै योजना एक भन्दा वढी वडामा पर्न आएमा ती दुवै वडाहरुका उपभोक्ता मिलेर संयुक्त उपभोक्ता समिति गठन गरी पठाउनु पर्नेछ ।

५. स्वीकृत रकमको ५ प्रतिशत कट्टा गरी वाँकी रकम मात्र उपभोक्ता समितिले कार्य सम्पन्न गरे वापत प्राप्त गर्नेछ । कट्टा गरीएको ५ प्रतिशत रकम मध्ये २ प्रतिशत रकम मर्मत संभार विशेष कोष मा जम्मा गरीने छ र ३ प्रतिशत रकम कन्टिन्जेन्सी खर्च वापत खर्च हुनेछ साथै नियमानुसार लाग्ने कर कट्टी हुनेछ ।

६ जनसहभागिता वरावरको काम गरेको प्राविधिक मूल्याँकन सहितको प्राविधिक प्रतिवेदन प्राप्त भएपछि कार्य प्रगतिको आधारमा विनियोजित रकम वमोजिम भूक्तानी दिइने छ । कुनै पनि कामको लागि पेश्की उपलव्ध गराईने छैन । स्वीकृत कार्यक्रम वाहेकका योजनाको भुक्तानी गराईने छैन ।

७. उपभोक्ता भेला आयोजना गर्दा प्रस्तावित आयोजनावाट लाभान्वित क्षेत्र स्थानमा स्थायी रुपमा वसोवास गर्ने उपभोक्ताहरुको भेला गराउनु पर्नेछ ।

८. उपभोक्ता समिति गठन गर्दा जनप्रतिनिधि र स्थानीय तहका सरकारी कर्मचारीको रोहवरमा मात्र गर्नु पर्नेछ ।

९. उपभोक्ता समिति गठन गर्न रोहवरमा वस्ने व्याक्ति वा निकायले आयोजना सम्वन्धी स्वीकृत वार्षिक कार्यक्रम तथा वजेट विवरण वारे विस्तृत रुपमा सम्वन्धित उपभोक्ता समूह तथा स्थानीय सामुदायिक संस्थाहरुलाई जानकारी गराउनु पर्नेछ ।

१०. यस्तो भेला आयोजनावाट प्रत्यक्ष फाइदा पुग्ने, सम्वन्धित क्षेत्रका प्रत्येक घरधुरीहरुवाट यथा संभव प्रतिनिधित्व हुने व्यवस्था गर्नुको साथै पिछडिएका र बन्चितिकरणमा परेका वर्ग, दलित समुदाय, महिला, वालवालिका र अपाङ्गता भएका व्यक्तिको उपस्थिति समेत सुनिश्चित गर्नु पर्नेछ । साथै योजनावाट लाभान्वित हुने जनसंख्या र सो जनसंख्या मध्ये महिला, दलित, आदिवासी जनजाति, अपाङ्ग तथा मधेशी किटानगरी समेत पठाउनु पर्नेछ ।

११. समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष समेत गरी ७ देखी ११ जना सम्मको उपभोक्ता समिति गठन गर्नु पर्नेछ । समितिमा सम्पूर्ण सदस्यहरु मध्ये कम्तिमा ३३ प्रतिशत महिला सदस्य अनिवार्य हुनु पर्नेछ ।

१२. समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला अनिवार्य हुनु पर्नेछ र वैंकमा खाता सञ्चालन गर्दा एक जना महिला अनिवार्य हुनुपर्ने छ साथै आयोजना क्षेत्रका उपभोक्ताहरुको जातिगत संरचना तथा विशेषता अनुसार दलित, मधेशी, आदिवासी जनजाति, अल्पसंख्यक तथा पिछडिएका वर्गको प्रतिनिधित्व सुनिश्चित भएको हुनु पर्नेछ ।

१३. स्थानीय तहका निर्वाचित वहालवाला पदाधिकारी, कुनै पनि राजनैतिक दलको प्रमुख, वहालवाला राष्ट्रसेवक कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा वेरुजु फछ्यौट नगरेको व्यक्ति, सामाजिक आर्थिक रुपमा विवादित व्यक्ति, नगरपालिकालाई तिर्नु पर्ने कर दस्तुर नतिरेको व्यक्ति

उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।साथै एकै समयमा एक जना व्यक्ति एक भन्दा वढी उपभोक्ता समितिका सदस्य हुन र एक घरधुरीवाट एक जना भन्दा वढी सदस्य हुन पाइने छैन ।

१४. जन सहभागिताको हकमा हुने रकम वरावरको काम शुरुमै जन सहभागिताको माध्यमवाट गर्नु पर्नेछ ।

१५. उपभोक्ता भेलाको उपस्थिति र निर्णय सहितको माईन्युट तयार गर्नु पर्नेछ । आयोजना संचालन हुने स्थानको आयोजना संचालन पूर्वको अवस्था झल्कने फोटो खिच्नु पर्नेछ, साथै रनिङ्ग विल लिन आउदाको समय कार्य संचालन अवस्थाको ३ प्रति रंगीन फोटो र अन्तिम वील भूक्तानीको समयमा अनिवार्य रुपमा सम्पन्न कार्यको ३ प्रति रङ्गीन फोटो पेश गर्नु पर्नेछ । योजनाको फोटो पेश नगरेमा कार्यालय भुक्तानी दिन वाध्य हुने छैन ।

१६. उपभोक्ता समितिलाई काममा सहयोग पुर्‍याउन उपभोक्ता समितिको सदस्यको संयोजकत्वमा खरिद उप समिति, लेखा उपसमिति, निर्माण उपसमिति आदि गठन गर्न सकिनेछ ।

१७. आयोजनाको अनुगमन, मुल्याङ्कन र सिफारीस गर्ने प्रयोजनका लागि वढीमा ५ सदस्यीय(कम्तिमा १ जना महिला सहित) उपभोक्ता समिति गठन गर्ने समयमा नै अनुगमन मुल्याङ्कन समिति अनिवार्य रुपमा गठन गर्नुपर्नेछ । काम सम्पन्न भएपछि फर फारकको लागि अनुगमन समितिको सिफारिस र वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

१८. आयोजनाको गुणस्तर कायम गर्न नसक्ने, आर्थिक हिनामिनामा संलग्न हुने उपभोक्ता समिति वा व्यक्तिलाई प्रचलित कानून वमोजिम कारवाही हुनेछ । भविश्यमा कुनै पनि आयोजना संचालनमा संलग्न हुन नपाउने गरी कालो सूचीमा राखिनेछ ।

१९. एउटै कामका लागि दुईवटा उपभोक्ता समितिहरु गठन गर्न पाइने छैन । साथै उपभोक्ता समितिलाई उपलब्ध गराएको एउटा कार्य सम्पन्न नभएसम्म आयोजना निर्माण तथा संचालन सम्वन्धी अर्को कामको जिम्मेवारी दिन पाईने छैन ।

२०. निर्देशन, प्रकृया र मापदण्ड विपरीत उपभोक्ता वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाईएमा यसरी गठन भएको समिति वा सिफारीसलाई मान्यता दिइने छैन ।

२१. तीन लाख भन्दा माथिको योजनाहरुको अनिवार्य रुपमा विस्तृत विवरण खुलाई आयोजना वोर्ड वनाई राख्नु पर्नेछ ।

२२. कुनै पनि कारणवस तोकिएको म्याद भित्र काम सम्पन्न नभएमा रकम फ्रिज हुने लगायत सो वाट उत्पन्न हुने सम्पूर्ण अवस्थाका लागि उपभोक्ता समिति नै जिम्मेवार हुनेछ ।

२३. घरमा चर्पी प्रयोग गरिरहेका व्यक्ति मात्र उपभोक्ता समिति र अनुगमन समितिमा रहन पाउने छन ।

२४. योजना/आयोजनाको सार्वजनिक परीक्षण उपभोक्ता भेलावाट नगरपालिकाले तोके वमोजिमको फारममा हुनुपर्नेछ ।

२५. मुख्य वाटो नाला सहित ८ मिटर र भित्री शाखा वाटो कम्तिमा ४ मिटर कायम गराउने जिम्मेवारी सम्वन्धित वडा समिति, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ । सो कायम हुन नसकेमा स्थलगत अवस्था हेरी उक्त योजना संचालन गर्न न.पा. वाध्य हुने छैन र योजना रद्द गर्नु पर्ने अवस्थामा सम्वन्धित उपाभोक्ता समिति स्वतः रद्द भएको मानिने छ ।

२६. योजना स्थल कसैको व्याक्तिगत जग्गामा भए उ.स. गठन हुनु अगावै सम्वन्धित व्याक्तिले योजना संचालन गर्नको लागि लालपुर्जाको प्रतिलिपी सहित मन्जुरीनामा दिनु पर्नेछ । उक्त जग्गा न.पा.को नाउँमा पास गरेर मात्र योजना संचालन गर्नुपर्नेछ ।

२७. योजना संचालन हुने ठाँउमा साँध सिमानाको विषयमा कुनै विवाद भएमा अमिन झिकाउनको लागि उ.स.ले ७ दिन भित्र न.पा.मा निवेदन दिइसक्नु पर्छ ।

२८. सम्झौता भएको ७ दिन भित्र उ.स.ले कार्य विवरण न.पा.मा पठाउनु पर्नेछ ।

२९. रु. दश लाख भन्दा माथीको निर्माण कार्यको अनिवार्य रुपमा इन्सुरेन्स र ल्याव टेष्ट गर्नु पर्नेछ ।

३०. उपभोक्ता समितिले न.पा. संग कार्य सम्झौता भएको ३ (तीन) दिन भित्र अनिवार्य रुपमा वैंक खाता खोल्नु पर्नेछ ।

३१. अन्य कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।